बैठक नं.: ५८

आज मिति २०७५ साल पौष ३ गते का दिन यस राप्ती सोनारी गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री लाहुराम थारुज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री लाहुराम थारु | अध्यक्ष | |
| २. | श्री धनिकुमारी खत्री | उपाध्यक्ष | |
| ३. | श्री चन्द्र बहादुर वली | १ नं वडा अध्यक्ष | |
| ४. | श्री मदन कुमार वली | २ नं वडा अध्यक्ष | |
| ५. | श्री गंगाराम थारु | ३ नं वडा अध्यक्ष | |
| ६. | श्री कान्छा थारु | ४ नं वडा अध्यक्ष | |
| ७. | श्री झगरु थारु | ५ नं वडा अध्यक्ष | |
| ८. | श्री जनक बहादुर थारु | ६ नं वडा अध्यक्ष | |
| ९. | श्री रामलखन थारु | ७ नं वडा अध्यक्ष | |
| १०. | श्री खुम बहादुर बस्नेत | ८ नं वडा अध्यक्ष | |
| ११. | श्री महावीर वली | ९ नं वडा अध्यक्ष | |
| १२. | श्री नैना कुमारी खत्री | कार्यपालिका सदस्य | |
| १३. | श्री मिना कुमारी बिष्ट | कार्यपालिका सदस्य | |
| १४. | श्री लिला नेपाली | कार्यपालिका सदस्य | |
| १५. | श्री दमकला जैसी | कार्यपालिका सदस्य | |
| १६. | श्री पतरी दमाई | कार्यपालिका सदस्य | |
| १७. | श्री देवराज कुमाल | कार्यपालिका सदस्य | |
| १. | प्रकाश के.सी | नि.प्र.प्र.अ. | |

**निर्णय नं. १ कार्ययोजना स्वीकृती र नदि जन्य ढुङ्गा, गिट्टी, वालुवा निकासीको ठेक्का सम्बन्धमा ।**

यस गाउँपालिकाबाट पेश भएका राप्ती नदी, मुगुवा खोला, खैरी खोला, झिझरी खोला र परूवा खोलाको प्रारम्भीक वातावरणीय परीक्षण स्वीकृत भएकोमा माथि उल्लेखित खोलाहरूबाट नदि जन्य ढुङ्गा, गिट्टी तथा बालुवाको उत्खन्न गर्न ठेक्का लगाउन राष्ट्रिय स्तरको दैनिक प्रत्रीकामा सुचना प्रकाशन गर्ने र उक्त ठेक्का E-bidding बाट गर्दा समय वढिलाग्ने भएकोले समय अभावका कारणले साधारण (manual) bid मार्फत ठेक्का लगाउने तथा कार्यालयबाट पेश भएको नदि जन्य ढुङ्गा, गिट्टी र बालुवाको उत्खन्न सम्बन्धि कार्ययोजना २०७५ लाई स्वीकृत गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २ अमानतबाट काम गर्ने सम्बन्धमा ।**

जिल्ला प्रशासन कार्यालय बाँके र जिल्ला अनुगमन र ब्यवस्थापन समितिको निर्णय अनुसार जिल्लामा विकास तथा निमार्ण सम्बन्धी कामकारवाहीमा प्रत्यक्ष रूपमा प्रयोग हुने ढुङ्गा, गिट्टी र बालुवाको ठेक्का लगाउन अनुरोध भै आएकोमा ठेक्का लगाउन अझै करीब २ महिना लाग्ने र सो समय सम्मको लागी अमानतबाट कार्य गर्ने गरी प्रारम्भीक वातावरणीय परीक्षण सम्पन्न भएका र कार्यपालिकाबाट स्वीकृत कार्य योजना बमोजिम अलिनगर र परुवा खोला बाहेक नदी जन्य ढुङ्गा, गिट्टी र बालुवा उत्खन्न गर्न जिल्ला अनुगमन तथा ब्यवस्थापन समिति समक्ष अनुमतिको लागी लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३ रकमान्तर तथा अनुमोदन सम्बन्धमा ।**

मिति २०७५/८/२४ मा झिझरी खोला, खैरी खोला र परूवा खोलाको IEE गर्ने सम्बन्धि परामर्श खर्च पेश्की रू. ७,८०,०००।- रकम अभावमा अध्यक्ष स्तरको निर्णयबाट प्रकोप ब्यवस्थापन कोषबाट भुक्तानी दिईएकोमा सो पेश्की खर्च लाई अनुमोदन गरीयो साथै उक्त खोलाहरूको भुक्तानी दिन बाँकी रू. २,००,०००।- सम्झौता भै कार्य सम्पन्न भै सकेको राप्ती नदी र मुगुवा खोलाको भुक्तानी दिन बाँकी रू. ८,००,०००।- (आठ लाख) समेत गरी जम्मा रू. १,७८०,०००।- रकम अभावका कारण प्रकोप ब्यवस्थापन कोषबाट रकमान्तर गरी भुक्तानी दिने निर्णय गरीयो ।

**निर्णय नं. ४ क्रसर अधोग संचालन अनुमत्ति सम्बन्धमा ।**

यस राप्ती सोनारी गाउँपालिका वडा नं. २ मा संचालन हुने गरी भक्त बहादुर अधिकारीले क्रसर उधोग संचालनको लागी कागजात पेश गर्नु भएकोमा सो को सम्बन्धमा आवश्यक अध्यन गरी सिफारीस गर्न देहाय बमोजिमको एक समिति गठन गर्ने निर्णय गरीयो ।

| | |
|---|---|
| क) महाविर वली, ८ नं. वडा अध्यक्ष | संयोजक |
| ख) नैना खत्री कार्यपालिका सदस्य, | सदस्य |
| ग) दिलाराम राना ना.सु., | सदस्य सचिव |

**निर्णय नं. ५ आर्थिक सहायता सम्बन्धमा ।**

राप्ती सोनारी गाउँपालिका वडा नं. २ निवासी क्यान्सर पिडित सुशिला गिरीलाई रू. २५,०००।- आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६ करार सम्बन्धमा ।**

यस कार्यालयमा गत आ.व. मा कार्यरत असिस्टेन्ट सव-ईन्जिनियर होम सुर्य के.सी. लाई सेवामा निरन्तरता दिने भनि वडा नं. ८ बाट सिफारीस भै आएकोमा निजलाई २०७५/८/१ देखि लागु हुने गरी २०७६ असाढ मसान्त सम्म सेवा कारार सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ सामाजिक परीचालकको करार सम्झौता सम्बन्धमा ।**

महिला बिकास शाखा अन्तर्गत ससर्त अनुदानबाट तोकिएबमोजिम सुविधा भुक्तानी हुने गरी सामाजिक परीचालक मोहन बस्नेतलाई २०७५/४/१ देखि लागु हुने गरी २०७६ असाढ मसान्त सम्म करार सम्झौता गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ८ परामर्श सेवा सम्बन्धमा ।**

यस गाउँसभाबाट स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरू परामर्श सेवा अन्तर्गत सार्वजनिक खरिद ऐन २०६३ र नियम २०६४ बमोजिम यस गाउँपालिकामा सूचिकृत भएका परामर्श सम्बन्धि तल उल्लेखित कार्य गर्ने फर्महरूबाट लिखित प्राबिधिक र आर्थिक प्रस्ताव माग गरी परामर्श सेवा खरीद कार्य अगाडि बढाउने निर्णय गरीयो ।

क) गाउँ यातायात गुरूयोजना तयार पर्ने ।
ख) गाउँपालिकाको एकिकृत र वृहत गरूयोजना तयार गर्ने ।
ग) कृषि क्षेत्रको गुरूयोजना तयार गर्ने ।
घ) पर्यटनको गुरूयोजना तयार गर्ने ।
ङ) फोहर ब्यवस्थापन गुरूयोजना तथा Land fill side को सम्भाब्यता अध्ययन गर्ने ।
च) गाउँपालिका स्तरीय बिपत ब्यवस्थापन योजना तयार गर्ने ।
छ) गाउँपालिकाको Documentry तयार गर्ने ।

**निर्णय नं. ९ योजना ठेक्का सम्बन्धमा ।**

गाउँ सभाको निर्णय बमोजिम रू २५,००,०००।- (पचिस लाख) भन्दा बढिका योजनाहरू ठेक्का मार्फत समपन्न गर्नु पर्ने भएकोले सो को लागी आवश्यक प्रकृया थालनी गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १० एक गाउँ एक पोखरी सम्बन्धमा ।**

डिभिजन वन कार्यालय बाँके बाट संचालन हुने प्रति वडा रू. ४,००,०००।- बराबरको एक गाउँ एक पोखरी कार्यक्रम अन्तरगत वडा नं. ८ शमसेरगंजमा र वडा नं. ४ को कुम्भरमा अभ्यन तथा ल.ई. गरी सिफारीस गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ११ समायोजन सम्बन्धमा ।**

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मिति २०७५/८/२४ मा सावीक स्थानीय निकायबाट नियुक्ति पाई कार्यरत कर्मचारीलाई कार्यपालिकाबाट निर्णय गराई समायोजन गर्ने सम्बन्धि पत्र अनुसार तपसिल बमोजिमका कर्मचारीलाई कार्यरत स्थानमा समायोजन गर्ने निर्णय गरियो ।

| नाम थर | समायोजनको पद | कार्यालय |
|---|---|---|
| १) बुद्धि राज भण्डारी | सहायक (चौथो) | २ नं. वडा कार्यालय |
| २) देव बहादुर खत्री | सहायक (चौथो) | ३ नं. वडा कार्यालय |
| ३) साबितराम मुराउ | सहायक (चौथो) | ७ नं. वडा कार्यालय |
| ४) कमान सिंह वली | का.स. श्रेणी बिहीन (पाचौं) | १ नं. वडा कार्यालय |
| ५) फत्ते सिंह थारू | का.स. श्रेणी बिहीन(दोश्रो) | २ नं. वडा कार्यालय |
| ६) पितराम थरू | का.स. श्रेणी बिहीन(दोश्रो) | ४ नं. वडा कार्यालय |
| ७) राम नरेश दुवे | का.स. श्रेणी बिहीन(~~दोश्रो~~ पाचौं) | ६ नं. वडा कार्यालय |

**निर्णय नं. १२ भ्यू टावर निर्माण सम्बन्धमा ।**

यस गाउँपालिकाको वडा नं. २ अगैया बजारमा बाँके राष्ट्रिय निकुन्ज संग सहकार्य गरी भ्यू टावर निर्माण गर्ने कार्यको लागी समपुरक कोषबाट ब्यहोर्ने गरी रू १०,००,०००।- (दस लाख) बिनियोजन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १३ सार्वजनिक सौचालय निर्माण सम्बन्धमा ।**

यस गाउँपालिकाको वडा नं. २ को अगैया बजारमा सार्वजनिक सौचालय निर्माण गर्नु पर्ने भएकोले स्वीकृत ल.ई. बमोजिम हुने गरी प्रकोप ब्यवस्थापन कोषबाट ब्यहोर्ने गरी आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरीयो ।